नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(बजेट कार्यान्वयन शाखा)

प.सं. २०७६।०७७ | मिति:२०७६।०५।२५
च.नं. ३७

विषय: प्रदेश सरकारको बजेट निकासा, आलेप तथा प्रतिवेदन सम्बन्धमा ।

श्री कोष तथा लेखा कार्यालयहरु,
सबै।

उपरोक्त सम्बन्धमा चालु आ.व.२०७६/७७ मा प्रदेश सरकारको बजेट निकासा गर्न, प्रतिवेदन गर्न साथै आन्तरिक लेखापरीक्षणमा समेत द्विविधा भएको भनी प्रदेशका प्रमुख सचिवज्यूहरुबाट यस कार्यालयमा जानकारी हुन आएको छ ।सो सम्बन्धमा विनियोजन ऐन, २०७६ र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०५/०३ गते स्वीकृत प्रदेशको बजेट निकासा सम्बन्धी कार्यविधि, २०७५ मा प्रदेश इकाई कार्यालय स्थापना नभएसम्मको लागि प्रदेश इकाई कार्यालयको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुरोधमा महालेखा नियन्त्रक कार्यालयले तोकेको कोष तथा लेखा कार्यालयले गर्न सक्ने व्यवस्था बमोजिम यस कार्यालयको मिति २०७६/०५/२४ को (महालेखा नियन्त्रक स्तरीय) निर्णयानुसार देहाय अनुसारका कार्य गर्नु गराउनुहुन अनुरोध छ ।

१. प्रदेश लेखा नियन्त्रक कार्यालय नभएको जिल्लाहरुमा नियमानुसार प्रदेश सरकारको बजेट निकासा गर्ने ।
२. प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश विनियोजन ऐन, प्रदेश सरकारको बजेट कार्यान्वयन निर्देशिका तथा प्रचलित ऐन कानून अनुसार तोकिएको ढाँचामा, मासिक तथा बार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकारका सम्बन्धित निकायहरुमा नियमित रुपमा पठाउने ।
३. प्रदेश लेखा नियन्त्रक कार्यालयबाट अनुरोध भै आएमा आफ्नो जिल्ला भित्रका प्रदेश कार्यालयहरुको आन्तरिक लेखापरिक्षण गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्ने ।
४. प्रदेश कार्यालयहरुको आन्तरिक लेखापरीक्षणको बार्षिक प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमा र यस कार्यालयमा पेश गर्ने ।
५. प्रदेश सरकारको कार्यालय तथा निकायहरुको विनियोजन, राजस्व, धरौटी र कार्य संचालन कोष तथा अन्य कोषहरुको लेखा राख्ने र राख्न लगाउने ।
६. निकासा/खर्च गर्न, लेखापरीक्षण गर्न तथा प्रतिवेदन गर्न कुनै द्विविधा परेमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुरोध अनुसार गर्ने ।
७. निकासा/खर्च गर्दा र लेखापरीक्षण गर्दा प्रचलित ऐन, नियमहरुको पूर्ण पालना गर्ने गराउने ।

(नारायण बहादुर थापा)
लेखा अधिकृत

वोधार्थ

श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालयहरु, प्रदेश नं.१/प्रदेश नं.२/प्रदेश नं.३/प्रदेश नं.५/गण्डकी प्रदेश/ कर्णाली प्रदेश/सुदुरपश्चिम प्रदेश ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालयहरु, मोरङ्ग/धनुषा/मकवानपुर/कास्की/रुपन्देही/सुर्खेत/कैलाली ।